नेपाल सरकार
# वन तथा वातावरण मन्त्रालय
EX: पो. ब. नं. : ३९८७
सिंहदरबार, काठमाण्डौ

## प्रेस विज्ञप्ति

पत्र संख्या :-
चलानी नं. :-
प्राप्त पत्र संख्या र मिति :-

वन तथा वातावरण मन्त्रालयको मिति २०७३/२/१० को निर्णयानुसार हरेक वर्ष श्रावण महिनाको २५ गतेका दिनलाई सामुदायिक वन राष्ट्रिय दिवसको रुपमा मनाउने गरिए बमोजिम यस वर्ष हामी *"समृद्धिका लागि सामुदायिक वन : उत्पादन र उत्पादकत्व वृद्धिमा योगदान"* भन्ने नाराका साथ यो दिवस मनाउँदैछौं ।

सन् २०१५ को नेपालको वन श्रोत सर्वेक्षण अनुसार देशको कूल भूभागको करिब ४५ प्रतिशत हिस्सा वन क्षेत्रले ढाकेको छ । वन उपभोक्ता समूह समेतको सहभागितामा सामुदायिक वन कार्यक्रमले चार दशक सफलतापूर्वक पार गरिसकेको छ । यस दौरान हासिल उपलब्धि र सिकाइ बमोजिम परिष्कृत र परिमार्जित हुदै यो कार्यक्रम निरन्तर अघि बढिरहेको छ । परिणामस्वरुप सामुदायिक वन विश्वमै एक अनुकरणीय कार्यक्रम बन्न सफल भएको छ । पछिल्लो आकडा अनुसार मध्यवर्ती क्षेत्र र संरक्षण क्षेत्रमा समेत गरी नेपालमा करिब २३ हजार ५ सय सामुदायिक वन उपभोक्ता समूहहरुले २५ लाख ८८ हजार हेक्टर (कुल वन क्षेत्रको ३४.५%) भन्दा बढी राष्ट्रिय वनको व्यवस्थापन र उपयोग गरिरहेका छन जसबाट ३२ लाख ५५ हजार घरधुरी प्रत्यक्ष लाभान्वित भएका छन् ।

सामुदायिक वन कार्यक्रमले नेपालमा हरियाली वृद्धि हुन सहयोग पुगेको, वनको हैसियतमा सुधार आएको, भूक्षय नियन्त्रण तथा जलाधार संरक्षण भएको, वन्यजन्तुको वासस्थान संरक्षण भएको लगायत जैविक विविधता संरक्षणमा पुऱ्याएको उपलब्धिहरु उल्लेखनीय एवं प्रशंसनीय छन । साथै यस कार्यक्रमले गरिब तथा विपन्न वर्गको जिविकोपार्जन सुधार, सामाजिक वहिस्करणमा परेका महिला, दलित, आदीवासी जनजाति वर्गलाई सामाजिक मुलप्रवाहिकरण, महिला वर्गको नेतृत्व विकास तथा सामाजिक सदभाव कायम राख्न खेलेको योगदान र भूमिका पनि उत्तिकै स्मरण योग्य छन । सामुदायिक वनले ग्रामीण पूर्वाधार विकास र रोजगारीका अवसरहरु सृजनाको माध्यमबाट स्थानीय र राष्ट्रिय अर्थतन्त्रमा समेत योगदान पुऱ्याउदै आएको छ ।

काष्ठजन्य वन पैदावारको आन्तरिक मागलाई पूर्ति गर्दै विदेशबाट हुने काठ आयातलाई प्रतिस्थापन गर्न तथा बहुमूल्य काठ र जडीबुटी विश्व बजारमा निर्यात गर्न यस्ता वन पैदावारको दिगो उत्पादनमा ध्यान दिन जरुरी छ । वन व्यवस्थापनबाट वनको उत्पादकत्व बढाई वन हाम्रो धन भन्ने यथार्थलाई सावित गर्न अनि वन उद्यम र पर्यापर्यटनको विकास मार्फत वनलाई देशको आर्थिक क्षेत्रको रुपमा स्थापित गर्नुपर्ने आवश्यकता समेत देखिएको छ । वन क्षेत्रबाट उत्पादित हुने वस्तुको विविधिकरण, गुणस्तरीकरण र बजारीकरण तथा वातावरणीय सेवाको प्रवर्द्धनबाट अधिकतम लाभ लिन जरुरी छ । यसका निमित्त वन क्षेत्रमा सुशासन कायम गर्दै सामुदायिक वनलाई देशको आर्थिक सामाजिक समृद्धि र वातावरणीय सुरक्षा संग जोडने अवसर रहेको छ ।

सामुदायिक वन विकासको अभियानमा योगदान पुऱ्याउनुहुने राष्ट्रसेवक कर्मचारी, सामुदायिक वन उपभोक्ता महासंघ नेपाल, मध्यवर्ती क्षेत्र व्यवस्थापन संञ्जाल तथा वन उपभोक्ता समूहका पदाधिकारी एवं उपभोक्ताहरु साथै विकास साझेदार, विश्वविद्यालय तथा वन अनुसन्धान निकायहरु, संरक्षण संघ संस्थाहरु लगायत अनुसन्धानकर्मी, बुद्धिजीवी र सरोकारवाला सबैमा हार्दिक आभार प्रकट गर्दै आगामी दिनमा यहाँहरुको निरन्तर रचनात्मक सहयोगको मन्त्रालयले अपेक्षा राखेको छ ।

२५ श्रावण २०७७

फोन नं.:-४२११७०३, ४२११७३७, ४२११५९९, ४२११८६४ फ्याक्स नं.:- ४२११८६८